गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन प्राधिकरण

नेपाल सरकार

गृह मन्त्रालय
विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा
मनसुन पूर्वतयारी तथा प्रतिकार्य कमाण्ड पोष्ट

१४ साउन २०८१ बुलेटिन संख्या #१४९७

## मनसुन २०८१ का लागि दैनिक विपद् बुलेटिन- ५५

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३४ | ३ | २ | ५ | ४४,३०,००० | १६ | ३ |

### हाइलाइट:

- **पहिरोबाट ३ जनाको मृत्यु, २ जना बेपत्ता, २ जना घाईते।**
- **आगलागीबाट ३ जना घाईते।**

### घटना सारांश:

| घटना | जिल्ला | घटना विवरण/संख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | काठमाडौं | तारकेश्वर नपा- ३ आठमाईल स्थित अबिरल बर्षाका कारण बारीको पर्खाल भत्किदा नजिकैको टहराको बरण्डा पनि भत्किई २ लाख रुपैंया बराबरको क्षति। | ० | ० | ० | वृत बालाजुको टोली खटिई गएको । |
| | काठमाडौं | दक्षिणकाली नपा.- ९ बिष्णु खोला स्थित फर्पिङ, हुमाने, कुलेखानी सडक खण्डमा पहिरो गई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | पहिरो हटाउने कार्य जारी । |
| | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी न.पा.- ११ स्थित बन्देउ चौतारा सडक खण्डमा माथिबाट रूख सहितको पहिरो आई बाटो अबरोध | ० | ० | ० | प्र.ब.ना.नि.को टोली खटि गई पहिरो हटाई सडक एक तर्फी सुचारू । |
| | सिन्धुपाल्चोक | बाह्रविसे न.पा.- ५ शिरेसे स्थित अरनिको राजमार्गको बाह्रबिसे तातोपानी सडक खण्डमा माथिबाट ढुङ्गा, माटो सहितको पहिरो आइ बाटो अबरोध । | ० | ० | ० | प्र.ह.को टोली खटी बाटो खुलाउन समन्वय भईरहेको । |
| | सिन्धुपाल्चोक | बलेफी गा.पा.- ८ जुरे स्थित अरनिको राजमार्गमा अबिरल बर्षाको कारण माथिबाट लेदो माटो बग्दै आई सडक पुरिई अबरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटी सडक बिभागसँग समन्वय भईरहेको । |
| | मकवानपुर | भिमफेदी गा.पा.- ८ बगुवा स्थित कान्ति लोकपथ सडक खण्ड नजिक रहेका ३ वटा घर पहिरोको जोखिममा, ९ जना मानिसहरुलाई सुरक्षित स्थानमा सर्नको लागि सम्झाई बुझाई गरिएको । | ० | ० | ० | ई.प्र.का.ठिंगनको टोली खटी गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गोरखा | धार्चे गा.पा.- ५ रेशा स्थित एक कृषि फर्म (बाख्रा, हाँस, बङगुर रहेको) र घर वर्षाको कारण माथिबाट पहिरो आइ बगाउँदा वर्ष ३७ का एक पुरुष, उनका ३५ वर्षिया श्रीमती, ६० वर्षका बुवा, २४ र ३३ वर्षिय फर्ममा काम गर्ने कामदार गरी ५ जना बेपत्ता भएकोमा दम्पति र निजका बुवाको शव फेला, वर्ष २७ र ३५ का गरी २ जना कामदार घाईते अवस्थामा उद्धार । | ३ | २ | २ | प्र.चौ.माछीखोलाको टोली खटी गई स्थानीय सहितको सहकार्यमा खोज तथा उद्धार गरिएको । |
| | लमजुङ्ग | बेसिशहर मनाङ सडक खण्ड अन्तर्गत मर्स्याङदी गा.पा.- ४ हावाडाँडा स्थित अविरल बर्षातको कारण माथि र तल दुवै ठाउँबाट पहिरो गई बाटो अबरुद्ध । | ० | ० | ० | अ.प्र.पोष्ट जगतको टोली खटी गई पहिरो पन्छाई बाटो सुचारु । |
| | म्याग्दी | बेनी न.पा.- ४ घुमाउने भिर स्थित बेनी दरवाङ सडक खण्डमा माथिबाट लेदो सहितको पहिरो खसी सडक पूर्णरुपमा अबरोध । | ० | ० | ० | सम्बन्धित निकायसँग समन्वय गरी सडक खुलाउनको लागि पहल भईरहेको । |
| | रोल्पा | रोल्पा नपा.- ६ लालडाङ स्थित घोराही थवाङ सहिद राजमार्गमा माथिबाट ढुङगा, लेदो सहितको पहिरो आई बाटो अबरुद्ध। | ० | ० | ० | प्र.स.निको टोली खटि बाटो खुलाउने पहल भईरहेको । |
| | रोल्पा | माडी गापा.- ४ बेसावाङ स्थित घोराही थवाङ शहिद राजमार्गमा पहिरो आई बाटो अबरुद्ध । | ० | ० | ० | ई.प्र.का.ईरिवाङको टोली खटि गई बाटो सुचारु । |
| | रोल्पा | परिवर्तन गा.पा.- ५ साघुरा खोला स्थित घोराही थवाङ सहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गई खुलाउने पहल भईरहेको । |
| | रोल्पा | माडी गापा.२- ब्याङखोला स्थित रुकुम घोराही शहिद राजमार्गमा माथिबाट पहिरो आई बाटो पूर्णरुपमा अबरुद्ध । | ० | ० | ० | प्र.ह.को टोलि खटि गई खुलाउने पहल भईरहेको । |
| | रोल्पा | रोल्पा न.पा.- ७ छिनखेत स्थित लिबाङ देखि घर्तिगाँउ जाने भित्री सडक खण्डमा माथिबाट लेदो पहिरो आई बाटो पूर्णरुपमा अबरोध । | ० | ० | ० | प्र.चौ.माडिचौरको टोली खटि गई बाटो खुलाउने पहल भईरहेको । |
| | प्युठान | नौबहिनी गा.पा.- ७ कालिमाटी स्थित मैरामारे देखी बल्ले खोला जाने भित्री कच्ची सडक खण्डमा बर्षातको कारण माथिबाट लेदो सहितको पहिरो आइ बाटो बन्द । | ० | ० | ० | प्र.चौ.फोप्लीको टोली खटि गएको । |
| | सुर्खेत | सिम्ता गा.पा.- ३ चार कुल्ला भन्ने स्थानमा माथिबाट पहिरो आइ छिन्चु जाजरकोट सडक खण्ड पूर्णरुपमा अबरोध । | ० | ० | ० | ई.प्र.का.बादेपिपलको टोली खटि गएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दैलेख | आठबीस न.पा.- १ असाराघाट स्थित कर्णाली राजमार्गमा माथिबाट पहिरो आई राजमार्ग पूर्णरुपमा अवरोध । | ० | ० | ० | प्र.चौ.पाल्तडाको टोली खटि राजमार्ग खुलाउने पहल भईरहेको । |
| | डोटी | शिखर न.पा.- १० बान्डुङ्ग्रीसैन स्थित के.आई सिंह राजमार्गमा बर्षातका कारण सडक माथिबाट आएको पहिरोले राजमार्ग अवरोध । | ० | ० | ० | राजमार्ग खुलाउन तर्फ पहल भईरहेको । |
| **बाढी** | काभ्रे | रोशी गा.पा.- ८ चारसयबेशी स्थित बि.पि. राजमार्गमा अबिरल बर्षादको कारण खहरे खोलाबाट लेदो सहितको बाढी आई बा.प्र.०२-०२९ च. ९९७४ नं. को बोलेरो फसि बाटो पूर्णरुपमा अबरोध | ० | ० | ० | प्र.चौ. कटुन्जेको टोली खटी बाटो खुलाउने पहल भईरहेको । |
| | सिन्धुपाल्चोक | बाहविसे न.पा.- ३ खागदल स्थित अरनिको राजमार्गको बाहबिसे तातोपानी सडक खण्डमा अबिरल बर्षाको कारण खागदल ठाडो खोलामा ढुङ्गा, माटो, गेगर सहितको बाढी आई खोलामा हालीएको ह्यूम पाईपहरु समेत बगाई बाटो अवरोध | ० | ० | ० | इ.प्र.का.बाहबिसेको टोली खटी गई बाटो खुलाउने कार्य भईरहेको । |
| | डोल्पा | शे-फोक्सुण्डो गा.पा.- ५ स्थित भिजेर खोला र ढोक्पो खोलामा आएको बाढीको कारण भिजेरबाट शे-गुम्बा जाने काठको पुल बगाई तटबन्धनमा समेत क्षति, ढोक्पो खोलामा रहेको सिंचाईको प्लाष्टिकको पाईपमा क्षति । | ० | ० | ० | प्र.स.नि.को टोली खटि गएको । |
| **अबिरल वर्षा** | ताप्लेजुङ्ग | मैवाखोला गापा.- ३ त्याक्सु स्थित एक टहरा बर्षाको कारण अचानक भत्किई अन्नपात, लताकपडा र घर गरी २ लाख ५० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ साघुँको टोली खटी गएको । |
| | सिन्धुपाल्चोक | भोटेकोशी गा.पा.- ४ डाक्लाङ स्थित अरनिको राजमार्गमा अं.३/४ मि. सडक भासिई सडक पूर्णरुपमा अबरोध । | ० | ० | ० | स्थानीय निकायसँग समन्वन गरी बाटो खुलाउने पहल भइरहेको |
| | दोलखा | कालिन्चोक गा.पा.- ४ झामार्सी स्थित सिंगटी चरिकोट सडक खण्डमा झामार्सी खोलाले कटान गरी अं.५० मिटर सडक भासिई बाटो अबरोध । | ० | ० | ० | बाटो मर्मतको लागि सम्बन्धित निकायसँग पहल भईरहेको । |
| | लमजुङ्ग | बेशिसहर न.पा.- १ खत्रीचौर स्थित अबिरल बर्षाको कारण एक धन्सार भत्किई एउटा भैंसी पुरीएर मृत्यु भई २ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.बिट उदिपुरको टोली खटि गएको । |
| | सल्यान | छत्रेश्वरी गा.पा.- १ गैरीगाउँ स्थित एक घर अबिरल बर्षातको कारण भत्किई १२ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.ह.को टोली खटि गई पुरिएका समान निकालिएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **आगलागी** | झापा | शिवसताक्षी नपा- १० टेक्रा स्थित सडक कालोपत्रे गर्ने क्रममा अलकत्रा प्लान्ट जडित डेस्टिबेटर मेसिनमा अचानक आगलागी हुँदा मेसिन पड्कन गई हेल्परको रुपमा काम गरिरहेका वर्ष २९ र ३० का गरी दुईजना घाईते । | ० | ० | २ | घाईतेलाई थप उपचारको लागि पारस अस्पताल बिराटनगर रेफर गरिएको, स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | मोरङ्ग | सुनबर्षी न.पा.- ८ बिश्वकर्मा टोल स्थित एक घरको भान्सामा कोही नभएको अवस्थामा एक्कासी आगलागी हुँदा भाडाबर्तन समेत गरी ६० हजार रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रचौ सिक्टिको टोली, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | मोरङ्ग | बुढीगंगा गापा- १ टंकी चौक स्थित आरती स्टिल फ्याक्ट्रीमा बिधुत सर्ट भई आगलागी हुँदा १० लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | इप्रका निमुवा र सिआरभी बाँसबारीको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | ललितपुर | ललितपुर मनपा- ११ शंखमुल टाउन प्लानिङ स्थित चिकेन स्पट कोल्ड स्टोरमा बिजुली सर्ट भइ आगलागी हुँदा मिटरबक्स, मासु राख्ने क्रेट, ट्रसको घर गरी ५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्रहरी प्रभाग मंगलबजारको टोली र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | रसुवा | कालिका गा.पा.- १ अरिङगाले कुना स्थित एक घरमा खाना पकाउने क्रममा अचानक आगलागी हुँदा घर पूर्णरुपमा जली अन्नपात, लताकपडा, भाँडावर्तन, कुखुरा ४ वटा र नगद गरी ५ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | अ.प्र.पोष्ट ग्राङको टोली र स्थानीयको संयुक्त प्रयासमा आगो नियन्त्रण । |
| | नवलपरासी पूर्व | मध्यविन्दु न.पा.- ३ ब्रमा स्थान स्थित एक कुखुरा फर्ममा विद्युत सर्ट भई आगलागी हुँदा १६ सय वटा कुखुरा र दाना लगायत अन्य जिन्सी सामानहरु जली ७ लाख रुपैंया बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.कोहुहवाको टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | रुपन्देही | सिद्धार्थनगर न.पा.- ८ कोल्ड स्टोर स्थित ईस्लाम अटो ईलेक्ट्रसियनमा लु२ख ५६७७ नं.को ट्रकमा वाईरिङ गर्ने क्रममा एक्कासी आगलागी हुँदा ईन्जिनको भाग जली लु२ख ५३९१ नं.को ट्रकको पछाडीको भाग र लु५प ६२१२ नं.को मो.सा., लु३१प ६१३० नं.को स्कुटी र लु२०प २५५२ मो.सा. समेत जली सामान्य क्षति, वाईरिङ गर्दै गरेका वर्ष १९ का एक पुरुष घाइते । | ० | ० | १ | घाईतेलाई उपचारको लागि सि.टी.अस्पताल भैरहवा पठाईएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| चट्याङ्ग | प्युठान | गौमुखी गा.पा- ६ लिबाङ स्थित एक घर र गोठमा चट्याङ परी २ वटा भैंसीको मृत्यु, मिटर बक्स समेत जली नष्ट । ई.प्र.का पुजालिबासेको टोली खटि गएको | | | | |
| जम्मा संख्या | | ३४ | ३ | २ | ५ | |

❖ *नोटः साउन १३ गते विहान १०:०० बजे देखि साउन १४ गते विहान १०:०० बजेसम्म*

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः

साउन १३ गते बिहान ०८:४५ बजे देखि साउन १४ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०८१/०४/१४ गते बिहान ०८:४५ बजे १८७ वटा वर्षा मापन केन्द्रहरु (मानव सञ्चालितः २५ र स्वचालितः १६२) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १३१ वटा केन्द्रहरुमा वर्षा भएको छ (नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा दैलेख जिल्लाको कट्टी केन्द्रमा (९०.० मि.मि.) भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रहरुमा ५० मि.मि. भन्दा बढी वर्षा भएको छ।




नक्सा १: साउन १३ गते बिहान ०८:४५ बजे देखि साउन १४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि.मि.)

**दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (Daily Maximum Temperature) को सारांशः**




नक्सा २: साउन १३ गते बिहान ०८:४५ बजे देखि साउन १४ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)




नक्सा ३: साउन १२ गते साँझ ०५:४५ बजे देखि साउन १३ गते साँझ ०५:४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)

तालिका १: ५० मि.मि., १०० मि.मि. र २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरुको विवरण ।

| ५० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | १०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु | २०० मि.मि. भन्दा बढी वर्षा मापन गरिएका जिल्लाहरु |
|---|---|---|
| दैलेख, सिन्धुपाल्चोक | - | - |

तालिका २: २०८१/०४/१४ गते बिहान ०८:४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०८१/०४/१३ गते साँझ ०५:४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण ।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम (केन्द्र संख्या) | अधिकतम तापक्रम (केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | १ | ० |
| १५ देखि २० | ७ | ० |
| २० देखि २५ | १४ | २ |
| २५ देखि ३० | ६ | ६ |
| ३० देखि ३५ | ० | १५ |
| ३५ देखि ४० | ० | ७ |
| जम्मा केन्द्र संख्या (वटा) | २८ | ३० |
| सबैभन्दा बढी/केन्द्र,जिल्ला | २९.६ डि.से./भैरहवा विमानस्थल, रुपन्देही | ३६.९ डि.से./भैरहवा विमानस्थल, रुपन्देही |
| सबैभन्दा कम/केन्द्र,जिल्ला | १४.८ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु | २१.७ डि.से./लुक्ला विमानस्थल, सोलुखुम्बु |

नोटः डि.से. = डिग्री सेल्सियस

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal **र** www.facebook.com/ndrrma/videos **र** www.youtube.com/NDRRMA **मा जानुहोस्।**